"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

## नगरवाहिरबाट प्रवेश गर्ने सार्वजनिक सवारी साधनको लागि सरसफाई शुल्कसम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति :- २०८२।०३।१६)**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८२।०३।१० गतेको निर्णयानुसार यस नगरपालिकाको आन्तरिक आय सङ्कलन गर्न खाँदबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा (२) ख बमोजिम सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेखित शर्त अनुसार आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि यस नगरपालिका क्षेत्र भित्र प्रवेश गर्ने सार्वजनिक सवारी साधनको सरसफाई शुल्कसम्बन्धी तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । शिलबन्दी दरभाउपत्र पेस गर्न शिलबन्दी दरभाउपत्रदाताहरुले कबोल अङ्कको २.५% (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम नगदै वा चेक भए यस कार्यालयको नाममा खाँदबारी नगरपालिका स्थित राष्ट्रिय बाणिज्य बैङ्क लि., खाँदबारी शाखामा रहेको धरौटी खाता नं. २०८०१००३०३००००००२ मा जम्मा गरी भौचर पेस गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको शिलबन्दी दरभाउपत्र पेस गर्ने अन्तिम मिति देखि १२० दिन मान्य अवधि भएको बैंक जमानत (बिडबण्ड) धरौटी स्वरुप पेस गर्नु पर्नेछ । यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८३ साल असाढ मसान्तसम्म कायम हुनेछ । शिलबन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ । यो शिलबन्दी दरभाउपत्र खाँदबारी नगरपालिकाको राजश्व उपशाखाबाट खरिद गर्न सकिनेछ । थप जानकारीका लागि खाँदबारी नगरपालिका कार्यालय, खाँदबारीको सूचना पाटी, वेबसाईटः- www.khandbarimun.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र आर्थिक प्रशासन तथा राजस्व उपशाखामा सम्पर्क गर्न सकिनेछ ।

**तपसिलः-**

| क्र.सं. | आय ठेक्का नं. | ठेक्काको विवरण | बढाबढका लागि न्यूनतम बार्षिक ठेक्का अङ्क रु. | शिलबन्दी दरभाउपत्र फाराम दस्तुर रु. | शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| १ | KMO-SQ-IR-01-2082/083 | नगरवाहिरबाट प्रवेश गर्ने सार्वजनिक सवारी साधनमा लाग्ने **सरसफाई शुल्क** | ११,००,०००।- (अक्षरेपीः- एघार लाख मात्र) | १,०००।- (अक्षरेपीःएक हजार) मात्र | २०८२।०३।३१ दिनको ०२:०० बजे |

प्रमुख प्रशासकीय अधिकृत

पद्म प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरु :-**

१. शिलबन्दी दरभाउपत्र साथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र रु. १,०००।–(अक्षरेपी एक हजार मात्रा) यस नगरपालिकाको राजस्व उपशाखामा बुझाएको नगदी रसिद संलग्न भएको हुनुपर्नेछ ।

२. शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ठिक ५:०० बजे भित्र खरिद गरिसक्नुपर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सो पश्चात कार्यालय खुलेको पहिलो दिन खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र पेस गरिसक्नुपर्नेछ र रितपूर्वक पेस भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्र पेसकर्ताहरुको उपस्थितिमा खोलिनेछ । दरभाउपत्र पेसकर्ताहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

३. शिलबन्दी दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सर्वाधिकार नगरपालिका कार्यालयमा निहित हुनेछ ।

४. शिलबन्दी दरभाउपत्र दाखिला गर्न शिलबन्दी दरभाउपत्रदाताहरुले कबोल रकमको २.५% (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम नगदै वा चेक भए यस कार्यालयको नाममा खाँदबारी नगरपालिका स्थित राष्ट्रिय बाणिज्य बैङ्क लि., खाँदबारी शाखामा रहेको धरौटी खाता नम्बर २०८०१००३०३००००००२ मा जम्मा गरी भौचर पेस गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सिलबन्दी दरभाउपत्र पेस गर्ने अन्तिम मिति देखि १२० (एक सय विस) दिन मान्य अवधि भएको बैङ्क जमानत (बिडबण्ड ) धरौटी स्वरुप पेस गर्नु पर्नेछ ।

५. शिलबन्दी दरभाउपत्र जुन फर्मको नाममा खरिद गरिएको हो, सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ । कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६. शिलबन्दी दरभाउपत्रदाताले कबोल रकम वा चेक सम्झौताको बखत एकमुष्ट वुझाउनु पर्नेछ । एकमुष्ट नवुझाएमा २ (दुई) किस्ता गरी नगरपालिका कार्यालयलाई बुझाउनु पर्नेछ । पहिलो किस्ता कबोल रकमको ५०% (पचास प्रतिशत) र दोस्रो किस्ता कबोल रकमको ५०% (पचास प्रतिशत) हुनेछ । पहिलो किस्ता वापतको ५०% (पचास प्रतिशत) रकम वा चेक सम्झौता हुनु अगावै र दोस्रो किस्ता वापतको ५०% (पचास प्रतिशत) रकम वा चेक २०८३ बैशाख मसान्तसम्म बुझाउनु पर्नेछ । पहिलो किस्ता नगदै र दोस्रो किस्ताको हकमा नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको २०८३ साल असार मसान्त सम्म मान्य अवधि भएको पर्फमेन्स वण्ड (बैंक ग्यारेन्टी) सम्झौता हुनु अगावै पेस गर्नु पर्नेछ ।

७. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयम्ले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । साथै कुनै कारणवस कर सङ्कलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाह दाबी गर्न नपाइने र सो छुट मिनाह दिन कार्यालय बाध्य हुने छैन।

८. ठेक्का सम्झौता अवधिका सम्बन्धमा यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८३ साल असाढ मसान्तसम्म कायम हुनेछ ।

९. ठेक्का अवधि भर शिलबन्दी दरभाउपत्रदाताले ठेक्का तोड्न पाउने छैन । बिचैमा शिलबन्दी दरभाउपत्रदाताले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १०% (दश प्रतिशत) ब्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधीका लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेको भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि ठेक्का तोड्नु पूर्व शिलबन्दी दरभाउपत्रदाताबाट असुल उपर गरिनेछ ।

१०. ठेकेदारले कर सङ्कलन गर्ने स्थानमा कर सङ्कलन गरिने सरसफाई शुल्कको मूल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ । सरसफाई शुल्क खाँदबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ ले तोकेको दररेट अनुसार मात्र शुल्क उठाउन पाईनेछ ।

११. ठेक्कासम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई उक्त रसिदहरु कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाईएको पाईएमा प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

१२. सरसफाई शुल्क बापत प्रयोग भएका रसिदहरु प्रत्येक चौमासिक अवधिमा कार्यालयमा अनिवार्य रुपमा दाखिला गर्नुपर्नेछ ।

१३. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ र नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत